# लेकवेशी नगरपालिका सुर्खेतको आर्थिक ऐन, २०७९

**प्रस्तावनाः**

लेकवेशी नगरपालिका सुर्खेतको आर्थिक वर्ष ०७९/०८०को अर्थ सम्बन्धी काम कारवाहीलाई नियमित गर्न स्थानीय कर तथा शुल्क संकलन गर्ने छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न तथा समय सापेक्ष करका दरहरु थपघट गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ उपदफा २ (घ) बमोजिम लेकवेशी नगर पालिकाको एघारौं सभाले यो ऐन बनाई जारी गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "लेकवेशी नगरपालिका सुर्खेतको आर्थिक ऐन, २०७९" रहेको छ।

(२) यो ऐन २०७९ साल श्रावण १ गतेदेखि लेकवेशी नगरपालिका क्षेत्रभित्र लागू हुनेछ।

२. **सम्पति करः** लेकवेशी नगरपालिकाका क्षेत्रभित्रका घर र घरले चर्चेको घरधनी स्वयंले मूल्य घोषणा गरी अनुसूची १ मा उल्लेख भए बमोजिम सम्पत्ति कर लगाइने र असूल उपर गरिनेछ।

३. **भूमि कर (मालपोत):** लेकवेशी नगरपालिका क्षेत्र भित्रका घर र घरले चर्चेको जग्गा बाहेकका जग्गाहरुको भूमि तथा मालपोत कर अनुसूची २ मा उल्लेखित दरमा असूल उपर गरिनेछ।

४. **घरजग्गा वहाल करः** लेकवेशी नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा वहाल रकमको १० प्रतिशतका दरले घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ।

५. **व्यवसाय करः** लेकवेशी नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (३) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (४) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ।

७. **सवारी साधन करः** नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (५) बमोजिम सवारी साधन कर र बाटो इजाजत दस्तुर लगाइने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

८. **विज्ञापन करः** नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (६) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ। तर, प्रदेश कानुन

स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

९. **मनोरन्जन करः** नगरपालिका क्षेत्रभित्र लिइने मनोरन्जन अनुसूची ७ बमोजिम मनोरञ्जन कर लगाईने र असुलउपर गरिने छ।साथै मनोरञ्जन कर संघिय कानुन र प्रदेश कानुनमा अन्यथा  व्यवस्था भएमा सोही बमोजिम हुनेछ।

१०. **बहाल बिटौरी शुल्कः** नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (८) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ।

११. **पार्किङ शुल्कः** नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (९) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग, कोयोकिङ्ग, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग शुल्कः** लेकवेशी नगरपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग सेवा वा व्यवसाय कर अनूसूचि (१०) बमोजिक सेवा शुल्क तथा दस्तुर लगाइने र असूल उपर   गरिनेछ।

१३. **सेवा शुल्क, दस्तुरः** लेकवेशी नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (१०) मा उल्लिखित सिफारिस, प्रमाणित, अनुमती दस्तुर, स्थानीय पूर्वाधार, फोहरमैला व्यवस्थापन, ओजेटी सेवा लगाएत उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ।

१४. **नक्सापास दस्तुरः लेकवेशी नगरपालिका क्षेत्रमा** मापदण्ड पुगेको घर निर्माणमा नक्शापास दस्तुर अनुसूची (११) बमोजिम र  मापदण्ड नपुगेको घरहरुको हकमा कार्यपालिका बाट स्वीकृत निर्देशिका बमोजिम हुनेछ।

१५. **पर्यटन शुल्कः**लेकवेशी नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट पर्यटन शुल्क अनुसूची १२बमोजिम लगाईने र असुल उपर गरिने छ । अनुसूचिमा उल्लेख नभएका पर्यटन क्षेत्रहरुको शुल्क कार्यपालिकाले तोकेबमोजिमको शुल्क लगाईने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

१६. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कानुन बनाइ कर छुट दिन सकिनेछ।

१७. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था भए अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि नगरपालिकाले तोके अनुसार हुने छ।

१८. **दण्ड सजायः** १) नगरपालिकाले ठेकेको वा लगाएको कर, दस्तुर, शुल्क महशुल तथा असुल गर्न बाँकी अन्य कुनै रकम व्यक्तिले नबुझाएमा नगरपालिकाले देहाय बमोजिमको कारवाही गर्न सक्नेछ।

क) यस ऐन बमोजिम उठाउन पाउने कर, दस्तुर, शुल्क तथा असुल गर्न बाँकी अन्य रकम कुनै व्यक्तिले नबुझाएमा त्यस्तो व्यक्तिको चल अचल सम्पत्तीको स्वामित्व हस्तान्तरण रोक्का गर्न सम्बन्धित निकायलाइ लेख्न, व्यापार व्यवसायमा सिलबन्दी तथा तालाबन्दी गर्न र निकासी पैठारी लगाएतका कारोबार रोक्का गर्न र कालो सूचीमा राख्न सक्नेछ।

ख) नगरपालिकाले यस ऐन बमोजिम उठाउन पाउने रकम खण्ड (क) बमोजिम सम्बन्धित व्यक्तिको घर, जग्गा, कारोबार वा जायजेथा रोक्का गर्दापनि उठ्न नसकेमा नगरपालिकाले निजको घर, जग्गा, कारोबार वा अन्य कुनै जेथा भए सो लिलाम बिक्री गरि असुल गर्न सक्नेछ।

ग) यस ऐन अन्तरगतको काम कारोबारको सिलसिलामा कुनै ठेकेदारले राखेको धरौटी वा जमानत सो कार्य गर्न नसकेको अवस्थामा नगरपालिकाले त्यस्तो धरौटी जफत गरि वा जमानत लिलाम विक्रि गरि असुल उपर गर्ने।

तर जफत वा लिलाम विक्रि गरि प्राप्त हुन आएको रकम त्यस्तो व्यक्तिले नगरपालिकालाई बुझाउनुपर्ने रकम भन्दा बढि हुन आएमा बढि भएको रकम सम्बन्धित व्यक्तिलाइ फिर्ता दिनु पर्नेछ।

२) उपदफा १ को खण्ड (ख) वा (ग) बमोजिम नगरपालिकाले लिलाम विक्रि गर्दा प्रचलित कानुन बमोजिम गर्नुपर्नेछ।

३) यस ऐन बमोजिम तिर्नु बुझाउनुपर्ने कर दस्तुर शुल्क महशुल तथा असुल गर्न बाँकी अन्य कुनै रकम नबुझाएमा नगरपालिकाले उपलब्ध गराएको सेवा त्यस्तो व्यक्तिको हकमा बन्द गर्नसक्नेछ।

४) यस ऐन तथा अन्य प्रचलित कानून बमोजिम पालना गर्नुपर्ने कर्तव्य भएको व्यक्ति वा संघ सस्थाले कर्तव्य पालना नगरेमा वा नगरपालिकाले निर्धारण गरेको कर शुल्क तथा महशुल तोकिएको समयमा भुक्तानी नगरेमा अनूसूचि (१३) मा उल्लेखित दरमा दण्ड जरिवाना लगाइ असुल उपर गर्नेछ।

१९. **ढुङ्गा, गिट्टि बालुवा एवम माटोजन्य वस्तुको बिक्रि शुल्कः** नगरपालिकाले प्रकृतिक श्रोत मध्ये आफ्नो क्षेत्र भित्र वातावरणीय प्रभाव प्ररिक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्ग,गिट्टि बालुवा एवम माटोजन्य वस्तु एवम सार्वजनिक तथा ऐलानी जग्गामा रहेको काठ,दाउरा,जराजुरी, दहत्तर बहत्तर आदिको संकलन शुल्क प्रदेश आर्थिक ऐन बमोजिम हुनेछ।

२०. **विविधः** कृषि, पशु, सहकारी, शिक्षा, घरेलु जस्ता अन्य विषयगत कार्यालयबाट हुने कार्यको सेवा शुल्क दस्तुर उल्लेख भएमा सोहि

बमोजिम र नभएमा साविकमा यी विषयगत कार्यालयले लिँदै आएको दस्तुर शुल्क लाग्नेछ।

यस ऐनमा नसमेटीएका र अन्य कानुनसँग नबाझिने गरि कर दस्तुर शुल्कको दररेट नगर कार्यपालिकाको निर्णय तथा स्वीकृत कार्यविधीको मापदण्ड बमोजिम हुनेछ।

## अनुसूची १

**(दफा २ सँग सम्बन्धीत)**

**सम्पत्ति कर (घर र घरले चर्चेको जग्गा मात्र) को दर**

| कर योग्य सम्पत्तिको मूल्य | बार्षिक दर |
|---|---|
| रु १ देखि २० लाख रुपैयाँसम्मको मूल्यांकनमा | प्रति सय रु. ०.०२ |
| रु २० लाख १ देखि ४० लाख रुपैयाँसम्म | प्रति सय रु. ०.०३ |
| ४० लाख १ देखि ६० लाख रुपैयाँसम्म | प्रति सय रु. ०.०४ |
| रु ६० लाख १ रुपैयाँ देखि ८० लाख रुपैयाँसम्म | प्रति सय रु. ०.०५ |
| रु ८० लाख १ रुपैयाँ देखि १ करोड रुपैयाँसम्म | प्रति सय रु. ०.०६ |
| रु १ करोड १ देखि १ करोड ५०लाख सम्म | प्रति सय रु. ०.०७ |
| रु १करोड ५०लाख १ देखि २ करोड सम्म | प्रति सय रु. ०.०८ |
| रु २ करोड १ रुपैयाँ देखि माथि | प्रति सय रु. ०.०९ |

**नोटः आर्थिक वर्ष भित्र कर नबुझाएमा आर्थिक वर्ष समाप्त भएको पहिलो वर्ष १०%, दोश्रो वर्ष १५%, तेश्रो वर्ष २०% क्रमशः ५% थप अधिकतम १००% जरीवाना लाग्ने।**

## अनुसूची २

**दफा ३ सँग सम्बन्धित**

**भूमि तथा मालपोत करको दर**

| सि.नं. | विवरण | हालको वडा | ईकाइ | मालपोत दर |
|---|---|---|---|---|
| १ | साविक लेखफर्सा वडा नं.१ २ ३ को सवै जग्गाहरु | २ | प्रति कठ्ठा | १०.०० |
| | साविक लेखफर्सा वडा नं.४ को सबै जग्गाहरु | २ | प्रति कठ्ठा | १२.०० |
| | साविक लेखफर्सा वडा नं.५को खरकका पुरै जग्गाहरु | १ | प्रति कठ्ठा | १०.०० |
| २ | साविक लेखफर्सा वडा नं.५को वाँकी सवै जग्गाहरु | १ | प्रति | १३.०० |
| | साविक लेखफर्सा वडा नं.९ को सबै जग्गाहरु | २ | कठ्ठा | १६.०० |

| | | | | |
|---|---|---|---|---|
| ३ | साविक लेखफर्सा वडा नं.६ ७ र ८ को सवै जग्गाहरु | १ | प्रति कठ्ठा | १६.०० |
| ४ | साविक दशरथपुर वडा नं.१ को सवै जग्गाहरु | ३ | प्रति कठ्ठा | १०.०० |
| ५ | साविक दशरथपुर वडा नं.९ को सवै जग्गाहरु | ४ | प्रति कठ्ठा | १०.०० |
| | साविक दशरथपुर वडा नं.७ को कुल्लीमोड मेलपानी र वडा नं.५ र ६का सवै जग्गाहरु | ४ | प्रति कठ्ठा | १६.०० |
| | साविक दशरथपुर वडा नं.७ को वाँकी सबै र वडा नं. ८ को सवै को सवै जग्गाहरु | ४ | प्रतिकठ्ठा | १३.०० |
| ६ | साविक दशरथपुर वडा नं.२ ३ र ४ को जग्गाहरु | ३ | प्रति कठ्ठा | १६.०० |
| ७ | साविक नेटा वडा नं.५ का सवै जग्गाहरु र वडा नं. ६को सिघ्रेका जग्गाहरु | ५ | प्रति रोपनी | १२.०० |
| | साविक नेटा वडा नं.२ कफ्लेनीका सवै जग्गाहरु | ५ | प्रति कठ्ठा | १०.०० |

| | | | | |
|---|---|---|---|---|
| | साविक नेटा वाँकी सवै जग्गाहरु | ५ | प्रति रोपनी | १५.०० |
| ८ | साविक कल्याण वडा नं.१ र २ का सवै जग्गाहरु | ६ | प्रति रोपनी | १५.०० |
| | साविक कल्याण वडा नं.३ ४ र ५ का जग्गाहरु | ६ | प्रति रोपनी | २४.०० |
| ९ | साविक कल्याण वडा नं.६ को खारपानी विश्रामथला र पाखापानीका जग्गाहरु | ७ | प्रतिरोपनी | १५.०० |
| १० | साविक कल्याण वडा नं.७ ८ र ९का सवै जग्गाहरु र वडा नं. ६ गोलखाल्टा खोर र धनेरीका जग्गाहरु | ७ | प्रति रोपनी | २४.०० |
| ११ | साविक साटाखानी वडा नं.१ वनकुना चुनियापानी पावरहाउस वडा नं.२ साटाफाँट दुविचौर आलेढाप जोत्रेसाल वडा नं.४जलुकेनी खारखोला लामीदमार राउटटार व्यवारे वडीपाटी चन्द्रपुर भट्टेघारी गन्नेपानी का जग्गाहरु | १० | प्रति कठ्ठा | १६.०० |

| | | | | |
|---|---|---|---|---|
| १२ | साविक साटाखानी वडा नं.१ कुईनेपानी कैनपानी खल्लु गैरा वेलघारी वडा नं.३ सवै वडा नं.२ धवेन वडा नं.४ को मैनडाँडा मसेरी का जग्गाहरु | १० | प्रति कठ्ठा | १०.०० |
| १३ | साविक साटाखानी वडा नं.५ फूलवारी वडा नं.६का सवै जग्गाहरु | ९ | प्रति कठ्ठा | १०.०० |
| १४ | साविक साटाखानी वडा नं.५ चौरासे गोगनपानी तिल्केपानी वडा नं.७ का सवै जग्गाहरु | ९ | प्रति कठ्ठा | १६.०० |
| १५ | साविक साटाखानी वडा नं.८ कुईनेपानी नारजाले टंलामी टोल सुव्वाकुना क्षेत्रका जग्गाहरु | ८ | प्रति कठ्ठा | १६.०० |
| १६ | साविक साटाखानी वडा नं.८ मंगले चिसापानी | ८ | प्रति रोपनी | २४.०० |

| | | | | |
|---|---|---|---|---|
| | खुनुर्के आरणटुडा वाटो मुनिका जग्गाहरु | | | |
| | साविक साटाखानी वडा नं.८ आरनटुडा वाटो माथि साल्डाँडा वैसपानी लामवारी चुहानटोल वेलघारी पिपल्टार तिनघरे मसेरी केरेनी चिल्ले क्षेत्रका जग्गाहरु | ८ | प्रति रोपनी | १५.०० |
| | साविक साटाखानी वडा नं.८ गन्नेपानी लोसे जमुनेपानी कोलखोला क्षेत्रका जग्गाहरु | ८ | प्रति कठ्ठा | १०.०० |
| | साविक साटाखानी वडा नं.९ क्षेत्रका सवै जग्गाहरु र सो क्षेत्रमा पर्ने साविक गर्पन पाम्काका जग्गाहरु | ८ | प्रति रोपनी | १५.०० |

**नोट: आर्थिक वर्ष भित्र कर नबुझाएमा आर्थिक वर्ष समाप्त भएको पहिलो वर्ष १०%, दोश्रो वर्ष १५%, तेश्रो वर्ष २०% क्रमश: ५% थप अधिक्तम १००% जरीवाना लाग्ने।**

**अनुसूची ३**

**(दफा ५ सँग सम्बन्धित)**

**व्यवसाय करको दररेट वार्षिक**

| **सि.नं.** | **विवरण** | **२०७९/०८० को दर स्वीकृत रु.** |
|---|---|---|
| **१** | **मर्मत तथा संभार सेवा तर्फ** | |
| क | चारपांग्रे गाडी मर्मत | २०००.० |
| ख | मोटरसाईकल तथा अटो मर्मत | ६००.० |
| ग | रेडीयो,घडी,मोवाइल,तथा विभिन्न विद्युतीय उपकरण मर्मत | ४००.० |
| घ | टायर,पञ्चर टाल्ने,र टायरमा हावा भर्ने | २००.० |
| ङ | सवारी डेन्ट,पेन्ट गर्ने पसल | २००.० |
| च | सवारी साधन धुने | २००.० |
| छ | सवारी साधनको सिट,हुट बनाउने पसल | ६००.० |
| ज | साईकल,कुकर,पंखा,छाता,स्टोभ आदी मर्मत | २००.० |
| **२** | **स्वास्थ्य सेवा तर्फ** | |
| क | १५ बेडसम्मका अस्पताल | ५०००.० |
| ख | १५ बेडमाथिका अस्पताल | ८०००.० |
| ग | नर्सिङ होम | ५०००.० |
| घ | एक्सरे,ल्याव सुविधा सहित डाक्टको सेवा भएको मेडीकल | २०००.० |
| ङ | एक्सरे,ल्याव सुविधा रहित डाक्टको सेवा भएको मेडिकल पसल/औषधी थोक पसलमा | १५००.० |
| च | दाँत उपचार केन्द्र | १२००.० |
| छ | डाक्टरको सेवा नभएको मेडिकल पसल | ५००.० |
| ज | सर्जिकल सामान बेच्ने पसल | ५००.० |
| झ | वैद्यखाना तथा अन्य क्लिनिक ल्याब | ४००.०० |
| **३.** | **शिक्षा सेवा तर्फ** | |
| क | निजी स्तरबाट सञ्चालित चाइल्ड केयर तथा मन्टेश्वरी | १०००.० |
| ख | आधारभूत तहका निजी विद्यालय (कक्षा १-८ सम्म) | २०००.० |
| ग | मा.वि. तहका निजी विद्यालय | ३०००.० |
| घ | निजीस्तरका क्याम्पसहरू | ६०००.० |
| ङ | तालिम तथा अनुसन्धान केन्द्र | ४०००.० |
| च | टाइपिङ, कम्प्यूटर तथा प्रशिक्षण केन्द्र | ६०००.० |
| **४** | **सञ्चार सेवा तर्फ** | |
| क | साइबर, तथा इ-मेल इन्टरनेट, रेडियो पेजिङ आदि | १०००.० |
| ख | फोन, फ्याक्स फोटोकपी | ४००.० |

| | | |
|---|---|---|
| ग | रिचार्ज कार्डको डिलर | ५००.० |
| घ | कुरियर सेवा | ४००.० |
| ङ | एफ.एम. रेडियो | ५००.० |
| च | नेपाल टेलिकम बाहेकका टेलिफोन सेवा सञ्चालक | १०००.० |
| छ | केवल नेटवर्क, इन्टरनेट सेवा प्रदायक | १०००.० |
| **५.** | **छपाइ तथा प्रकाशन** | |
| क | अफसेट प्रेस | १५००.० |
| ख | साधारण प्रेस | ५००.० |
| **६.** | **वित्तीय सेवा तर्फ** | |
| क | विकास बैंकहरू शाखा कार्यालय | ३०००.० |
| ख | वाणिज्य बैंकहरू शाखा कार्यालय | ३०००.० |
| ग | बिमा कम्पनी शाखा कार्यालय | १०००.० |
| घ | मनि ट्रान्सफरमर (बैंक बाहेक) | १०००.० |
| घ | आर्थिक कारोवार समेत गर्ने वित्तीय कम्पनीहरूको मुख्य कार्यालय (शेयर कारोवार गर्ने समेत) | १०००.० |
| च | वित्तीय कम्पनीका शाखा कार्यालय | १०००.० |
| छ | सहकारी बैंक र बचत तथा ऋण सहकारी (क श्रेणीः २ करोड भन्दा बढी कारोवार हुने) | १०००.० |
| ज | आर्थिक कारोवार गर्ने सहकारी संस्थाहरू (ख श्रेणीः २ करोड भन्दा कम कारोवार हुने) | ७००.० |

| | | |
|---|---|---|
| झ | अन्य कारोवार गर्ने सहकारी संस्थाहरू | ५००.० |
| ञ | विदेशी मुद्रा सटही | १५००.० |
| ट | बिमा कम्पनीहरू | १०००.० |
| **७** | **होटल, लज तथा रेष्टुरेण्ट र बार (पर्यटन उद्योग)** | |
| क | उच्च स्तरको लजिङ, फुडिङ, स्वीमिङ्ग पुल, सेमिनार हल सुविधा भएको होटल | १००००.० |
| ख | मध्यम स्तरको लजिङ्ग, फुडिङ्गको सुविधा भएको होटल | ४०००.० |
| ग | सामान्य लजिङ्ग, फुडिङ्गको सुविधा भएको होटल | २०००.० |
| घ | रेष्टुरेण्ट/ बार सांस्कृतिक कार्यक्रम सहितको | ५०००.० |
| ङ | लज मात्र भएको | १०००.० |
| च | रामो खालको रेष्टुरेण्ट/ बार AC सुविधा सहित | २५००.० |
| छ | सामान्य खालको रेष्टुरेण्ट/ बार | २०००.० |
| ज | सामान्य खालको होटेल | १०००.० |
| झ | प्याराग्लाइडिङ्ग/ र्याफ्टिङ्ग | १०००.० |
| **८** | **चिया, नास्ता तथा चाट पसल** | |
| क | मिष्ठान्न भण्डार सहितको चिया नास्ता पसल | ५००.०० |
| ख | ग्रामिण क्षेत्रको चिया नास्ता पसल | ३००.० |
| ग | चाट पसल | ५००.० |

| | | |
|---|---|---|
| **९** | **सुनचाँदी पसल** | |
| क | थोक रूपमा तथा मेसिनद्धारा गहना बनाइ बिक्री गर्ने पसल | २०००.० |
| ख | साना तथा हातले गहना बनाइ बिक्री गर्ने पसल | १०००.० |
| ग | गहना बनाउने तथा मर्मत गर्ने पसल | ८००.० |
| **१०** | **मदिरा पसल** | |
| क | थोक बिक्री पसल | ५०००.० |
| ख | मध्यम खालको पसल | २०००.० |
| ग | खुद्रा बिक्री पसल | १५००.० |
| **११** | **मासु पसल** | |
| क | एक भन्दा बढी आइटम राखी मासु बेच्ने पसल | ८००.० |
| ख | राँगा, खसी र बंगुर मध्ये कुनै एकको मात्र मासु बेच्ने पसल | ५००.० |
| ग | माछा, कुखुरा हाँस तथा अन्य पन्छीको मासु बेच्ने पसल | ३००.० |
| **१२** | **मेटल वर्कसप** | |
| क | क श्रेणी (ग्रिल, सटर, आल्मुनियम निर्माण तथा थोक विक्रेता, उद्योग समेत) | १५००.० |
| ख | ख श्रेणी (सामान्य ग्रिल उद्योग) | ८००.० |

| | | |
|---|---|---|
| **१३** | **स्टील, काठ फर्निचर, कार्पेट विक्रेता** | |
| क | क श्रेणी (उद्योग सहित थोक विक्रेता) | १५०० |
| ख | ख श्रेणी (खुद्रा विक्रेता) | १००० |
| **१४** | **बेकरी उद्योग र बेकरी पसल** | |
| क | उद्योग | १००० |
| ख | पसल | ५०० |
| ग | दुवैलाई | १५०० |
| **१५** | **तरकारी र फलफूल पसल** | |
| क | थोक पसल | ५०० |
| ख | खुद्रा पसल | ३०० |
| १६ | मिलहरू (प्रति हर्स पावर) | ४० |
| **१७** | **किराना तथा खाद्य पसल** | |
| क | डिपार्टमेन्टल स्टोर | ३००० |
| ख | उच्च स्तरको किराना तथा खाद्य पसल (थोक सहितको) | १५०० |
| ग | मध्यम स्तरको किराना तथा खाद्य पसल (बिक्री कक्षको अतिरिक्त गोदाम समेत राखको) | १००० |
| घ | सामान्य स्तरको किराना तथा खाद्य पसल (सामान्य बिक्री कक्ष मात्र भएको) | ८०० |
| ङ | निम्न स्तरको किराना तथा खाद्य पसल (सानो बिक्री कक्ष मात्र भएको) | ३०० |

| | | |
|---|---|---|
| च | दैनिक उपभोगका खाद्य पदार्थ | ३०० |
| छ | सामान्य घुम्ती पसल | १०० |
| **१८** | **काँचो कपडा, रेडिमेट फेन्सी तथा जुत्ता चप्पल पसल र टेन्ट हाउस** | |
| क | उच्च स्तरको पसल (गोदाम समेत राखेको थोक पसल) | २००० |
| ख | मध्यम स्तरको पसल (बिक्री कक्षको अतिरिक्त गोदाम समेत राखेको) | १००० |
| ग | सामान्य स्तरको पसल (सामान्य बिक्री कक्ष मात्र भएको) | ८०० |
| घ | निम्न स्तरको पसल (सानो बिक्री कक्ष भएको) | ५०० |
| ङ | उन तथा उनको कपडाको थोक बिक्रेता | १००० |
| च | उन तथा उनको कपडाको फुटकर बिक्रेता | ५०० |
| **१९** | **टेन्ट हाउस** | |
| क | क्याटरिङ सहित उच्च स्तरको टेन्ट हाउस | १००० |
| ख | टेन्ट हाउस सामान्य स्तरको | ५०० |
| **२०** | **प्लाष्टिकजन्य पसल** | |
| क | थोक पसल | ५०० |
| ख | खुद्रा पसल | ३०० |

| | | |
|---|---|---|
| **२१** | **कम्प्यूटर, मोबाइल, टेलिभजन, रेडियो, घडी तथा अन्य विद्युतिय सामाग्री बेच्ने पसल/ ईलेक्ट्रोनिक्स पसल** | |
| क | अन्तरराष्ट्रिय स्तरको ब्रान्ड भएको उच्च स्तरिय पसल (कम्प्यूटर, टेलिभिजन आदिको डिलर तथा ठूलो/ होलसेल पसल) | ५००० |
| ख | मध्यम स्तरको पसल (कम्प्युटर, टेलिभिजन आदि मध्ये कुनै एकको डिलर भएता पनि सानो पसल) | ३००० |
| ग | सामान्य किसीमको पसल | ८०० |
| घ | रेडियो, घडी मात्र राखेको सामान्य पसल | १००० |
| **२२** | **सवारी साधन बिक्रीमा** | |
| क | चार पाङ्ग्रे गाडी शो रूम तथा बिक्रीमा | १५००० |
| ख | तीन पाङ्गे सवारी साधन शो रूम तथा बिक्रीमा | १०००० |
| ग | मोटरसाइकल शो रूम तथा बिक्रीमा | ८००० |
| घ | साइकल शो रूम तथा बिक्रीमा | १००० |
| ङ | अटो मोबाइल्सका पार्टपुर्जा मात्र बेच्ने पसल | १००० |
| २३ | अडियो, भिडियो क्यासेट बिक्री तथा मर्मत | ५०० |
| **२४** | **भाँडा पसल** | |
| क | क श्रेणीमा पर्ने (सजावट तथा उपहारका सामान समेत राखेको) | १००० |
| ख | ख श्रेणीमा पर्ने | ८०० |

| | | |
|---|---|---|
| ग | सामान्य पसल | ५०० |
| **२५** | **कुखुरा पालन व्यवसाय** | |
| क | १००० भन्दा बढी कुखुरा पाल्ने फर्म | ३०० |
| ख | ५०० देखि १००० सम्म कुखुरा पाल्ने फर्म | २०० |
| ग | ५०० देखि कम कुखुरा पाल्ने फर्म | १०० |
| घ | पशुपालन व्यवसाय (गाइ, भैसी, बाख्रा, बंगुर फार्म) | ३०० |
| **२६** | **स्टेशनरी तथा पुस्तक पसल** | |
| क | स्टेशनरी सामान, पुस्तक तथा पत्रपत्रिकाको थोक सहितको पसल | १००० |
| ख | स्टेशनरी सामान, पुस्तक तथा पत्रपत्रिकाको खुद्रा पसल | ८०० |
| ग | स्टेशनरी सामान, पुस्तक तथा पत्रपत्रिकाको खुद्रा पसल ख वर्ग | ५०० |
| **२७** | **निर्माण सामाग्री, हार्डवेयर, शिक्षा तथा विद्युत सामाग्री पसल** | |
| क | अन्तराष्ट्रिय मल्टिनेशनल कम्पनीको सामान भएको डिलर | ८००० |
| ख | राष्ट्रिय स्तर कम्पनीको शाखा | ५००० |
| ग | उच्च स्तरको पसल | ४००० |
| घ | मध्यम स्तरको पसल | ३००० |
| ङ | सामान्य स्तरको पसल | १५०० |
| च | सञ्चालित सप्लायर्स | १००० |

| | | |
|---|---|---|
| २८ | फोटो स्टुडियो | |
| क | उच्च स्तरको पसल (कलर ल्याब, फ्लेक्स प्रिन्ट समेत भएको) | १००० |
| ख | मध्यम स्तरको पसल (कलर ल्याब नभएको) | ३०० |
| **२९** | **सैलुन तथा ब्युटी पार्लर पसल** | |
| क | राम्रो स्तरको पसल (४ सिट भन्दा बढी) | ६०० |
| ख | सामान्य स्तरको पसल (४ सिट भन्दा कम) | ४०० |
| ३० | टेलर्स | |
| क | क श्रेणीको (४ भन्दा बढी मेशिन राखेको पसल) | ८०० |
| ख | ख श्रेणीको (२ देखि ४ वटा सम्म मेशिन राखेको पसल) | ५०० |
| ग | ग श्रेणीको (२ भन्दा कम मेशिन राखेको पसल) | ३०० |
| **३१** | **एग्रोभेट पसल** | |
| क | क श्रेणीको (थोक पसल) | ८०० |
| ख | ख श्रेणीको (खुद्रा पसल) | ५०० |
| ३२ | डिलर तथा डिस्ट्रिव्यूटर्स | |
| क | मदिरा, वियर जस्ता मादक पदार्थको डिलर | ७००० |
| ख | चुरोट बिडीजस्ता धुम्रपानमा | ४००० |
| ग | पेट्रोल पम्प | ५००० |
| घ | अन्य डिलर (नुन र मट्टीतेल बाहेक) | ३००० |

| | | |
|---|---|---|
| ङ | नुन र मट्टीतेलको डिलर | १००० |
| ३३ | विशेषज्ञ परामर्श तथा अन्य व्यवसायिक सेवा | |
| क | चिकित्सक | २००० |
| ख | कविराज | १०० |
| ग | ईन्जिनियर | ३००० |
| **३४** | **निर्माण सेवा** | |
| क | नेपाल सरकारबाट इजाजत प्राप्त क वर्गको ठेकेदार | १०००० |
| ख | नेपाल सरकारबाट इजाजत प्राप्त ख वर्गको ठेकेदार | ५००० |
| ग | नेपाल सरकारबाट इजाजत प्राप्त ग वर्गको ठेकेदार | २५०० |
| घ | नेपाल सरकारबाट इजाजत प्राप्त घ वर्गको ठेकेदार | २००० |
| ङ | कानुन व्यवसायीः वरिष्ठ अधिवक्ता र अधिवक्ता (ल फर्म सञ्चालन गरेको | १००० |
| च | अभिकर्ता | ५०० |
| छ | लेखनदास | ४०० |
| ज | लेखापरिक्षक क श्रेणी र ख श्रेणी | १००० |
| झ | ग श्रेणी | ६०० |
| ञ | घ श्रेणी | ५०० |

| | | |
|---|---|---|
| ट | दन्त चिकित्सक | ८०० |
| ठ | अनुसन्धानकर्ता तथा परामर्शदाता | १५०० |
| ड | कम्प्यूटर एनालिष्ट तथा प्रोग्रामर | १५०० |
| ढ | बिमा एजेन्ट | ५०० |
| ण | सर्भेयर | १००० |
| त | अनुवादक | ५०० |
| थ | पशु चिकित्सक | ६०० |
| द | सामान ढुवानीकर्ता तथा कम्पनी | १५०० |
| ध | नापी व्यवसाय | १००० |
| न | विज्ञापन एजेन्ट | १००० |
| प | वैदेशिक रोजगार एजेन्ट | ५००० |
| फ | स्वदेशी रोजगार एजेन्ट | २००० |
| ब | सेक्रेटेरियल सेवा | २००० |
| भ | एयरलाइन्स र कार्गो सेवा | ५००० |
| म | हाउजिङ कम्पनी तथा घरजग्गा खरिद बिक्री (रियल स्टेट) | ५००० |
| य | सर्टिङ सामानहरू | १००० |
| र | कवाडी सामान संकलन तथा बिक्री | १००० |
| ल | ड्राई क्लिनर्स | ५०० |
| व | साइन बोर्ड बनाउने पेन्टिङ सेवा | ५०० |
| श | फुल र बिरूवा विक्रेता | ३०० |
| ष | सिसा, प्लाइउड बिक्रेता | १००० |

| | | |
|---|---|---|
| स | खेलौना, उपहार (गिफ्ट) बिक्रेता | १००० |
| **३५** | **चुरा पोते पसल** | |
| क | क श्रेणी (थोक बिक्री) | ५०० |
| ख | ख श्रेणी (खुद्रा बिक्री) | ३०० |
| ३६ | चश्मा पसल | |
| क | चिकित्सक सेवा सहितको | १००० |
| ख | चिकित्सक सेवा रहितको | ५०० |
| ग | मसाज पार्लर | १००० |
| **३७** | **औद्योगिक कारखाना तथा उद्योगहरू** | |
| क | चामल, दाल, पिठो, तेल उत्पादन गर्ने र गल्ला खरिद सहितको ठुलो उद्योग | ४००० |
| ख | चामल, दाल, पिठो, तेल उत्पादन गर्ने मिनि प्लान्ट | २५०० |
| ग | सामान्य पसल | १००० |
| घ | डेरी ठूलो पसल | ५०० |
| ङ | फर्निचर काठ चिरान मिल | ५००० |
| च | सिमेन्ट, रोडी, बालुवा प्रयोग गरी ह्युम पाइप, पिलर, रिङ, ब्लक, गमला बनाउने उद्योग | ३००० |
| छ | क्रसर उद्योग स्थायी | २५००० |
| ज | क्रसर उद्योग अस्थायी | २५००० |
| झ | प्लाइउडको कच्चा पदार्थ उत्पादन गर्ने उद्योग | ५००० |

| | | |
|---|---|---|
| ञ | पाउरोटी, सर्वत बनाउने उद्योग | १००० |
| ट | बिना चिम्नीका इट्टा भट्टा उद्योग | २००० |
| ठ | चिम्नी भएको इट्टा भट्टा उद्योग | ३००० |
| ड | मैनबत्ती उत्पादन उद्योग | २०० |
| ढ | साबुन, सरफ उत्पादन उद्योग | ५०० |
| ण | चाउमिन उत्पादन उद्योगबाट | ५०० |
| त | काठको गिलास, ठेकी उत्पादन उद्योग | २०० |
| थ | पुरानो कपडा पेलेर कपास बनाउने उद्योग | ५०० |
| द | ग्याँस डिलर | १००० |
| ध | सोलार व्यवसाय | ५०० |
| न | जडीबुटी बिक्री तथा प्रशोधन | १००० |
| प | साउण्ड सिस्टम भाडामा तथा बिक्री | ५०० |
| फ | डिपार्टमेन्टल स्टोर/ सुपरमार्केट | २५०० |
| ब | खसीबोका संकलन तथा बिक्री केन्द्र | ३०० |
| भ | मुभि हाउस | १००० |
| म | बहाल कर (सम्बन्धित धनीबाट) | १०% |
| य | सम्पत्ति मुल्यांकन शुल्क | ०.०१% सम्म |
| र | मेला महोत्सव शुल्क | नगरपालिकाको स्वीकृत कार्यविधि बमोजिम |
| **३८** | **व्यवसाय दर्ता तथा नविकरण कर (निजि तथा साझेदारी)** | |

| | | |
|---|---|---|
| क | दर्ता शुल्क (कुल लगानी पूँजि १ लाख सम्म) | ५००।०० |
| ख | दर्ता शुल्क (कुल लगानी पूँजि १ लाख १ रुपैया देखि ३ लाख सम्म) | १०००।०० |
| ग | दर्ता शुल्क (कुल लगानी पूँजि ३ लाख १ रुपैया देखि माथि) | २०००।०० |
| घ | नविकरण शुल्क (कुल लगानी पूँजि १ लाख सम्म) | १००।०० |
| ङ | नविकरण शुल्क (कुल लगानी पूँजि १ लाख १ रुपैया देखि ३ लाख सम्म) | २००।०० |
| च | नविकरण शुल्क (कुल लगानी पूँजि ३ लाख १ रुपैया देखि माथि) | ३००।०० |
| छ | दर्ता प्रमाणको प्रतिलिप | ३००।०० |
| ३९ | **उद्योग दर्ता तथा नविकरण कर (निजि तथा साझेदारी)** | |
| क | दर्ता शुल्क (कुल लगानी पूँजि १ लाख सम्म) | ५००।०० |
| ख | दर्ता शुल्क (कुल लगानी पूँजि १ लाख १ रुपैया देखि माथि) | १०००।०० |
| ग | नविकरण शुल्क (कुल लगानी पूँजि १ लाख सम्म) | १००।०० |
| घ | नविकरण शुल्क (कुल लगानी पूँजि १ लाख १ रुपैया देखि माथि) | २००।०० |
| ङ | दर्ता प्रमाणको प्रतिलिप | ३००।०० |

**अनुसूची ४**

**दफा ६ सँग सम्बन्धित**

**जडिबुटी, कवाडी र जीवजन्तु निकासी कर दस्तुर सम्बन्धी विवरण**

| सि.नं. | विवरण | इकाई | दर रु. |
|---|---|---|---|
| १ | लसुन, प्याज, तरकारी, अन्न तथा मसला लगायत कृषि उपजहरु | प्रति के.जी. | ०।१० (दश पैसा) |
| २ | उन, प्राकृतिक कृत्रिमजगर | प्रति के.जी. | -।५० (पचास पैसा) |
| ३ | खोटो | प्रति के.जी | -।५० (पचास पैसा) |
| ४ | टिमुर लगायत जडीबुटीहरु | प्रति के.जी. | १।०० (एक रुपैयाँ) |
| ५ | वनकस, बाबियो, मलहनपत्ता, छ्वाली, पराल, वगास, निगालो, लोक्ता, पटेर, कुच्चो | प्रति गाडी | ७५।- (पचहत्तर रुपैया) |
| ६ | सिसौं, साल | प्रति ट्रक | १०००।- (एक हजार ) |
| ७ | अन्य काठ | ,, | ५००।- (पांच सय) |

| | | | |
|---|---|---|---|
| ८ | स्लेट, विछ्याउने ढुंगा | प्रति व. फि. | १।- (एक रुपैया) |
| ९ | इट्टा | प्रति हजार | २५।- (पच्चिस रुपैया) |
| १० | सिमेन्ट | प्रति वोरा | १।- (एक रुपैया) |
| ११ | सुर्तिको डण्ठल | प्रति के.जी. | -।१५ (पन्ध्र पैसा) |
| १२ | सालको वियाँ | प्रति के.जी. | -।५० (पचास पैसा) |
| १३ | सल्लाको सिम्टा | प्रति के.जी. | -।१५ (पन्ध्र पैसा) |
| १४ | चिउरीको विजुला तथा अन्य वनस्पतिको विउ, विजुला | प्रति के.जी. | -।५० (पचास पैसा) |
| १५ | पत्थर कोइला | प्रति के.जी. | -।०५ (पाँच पैसा) |
| १६ | मिनरल वाटर वोतल | प्रति गोटा | -।१५ (पन्ध्र पैसा) |
| १७ | खाली सिसी वियरको | प्रतिगोटा | १।- (एक रुपैया) |
| १८ | खाली सिसी ५०० एम.एल भन्दा तलको (मदिराको) | प्रतिगोटा | -।१५ (पन्ध्र पैसा) |
| १९ | खाली सिसी मदिरा र अन्य ५०० एम.एल भन्दा माथीको ( मदिराको) | प्रति गोटा | -।४० (चालिस पैसा) |
| २० | प्लाष्टिकका बोतल, भाँडाकुँडा, जुत्ता, चप्पल, जर्किन आदि | प्रति के.जी. | -।५० (पचास पैसा) |
| २१ | खाली बोरा जुट/ प्लाष्टिकको ५० के.जी. खाद्यान्न अट्ने | प्रतिगोटा | -।२५ (पच्चीस पैसा) |
| २२ | खाली बोरा जुटको १०० के.जी. खाद्यान्न अट्ने | प्रतिगोटा | -।५० (पचास पैसा) |
| २३ | तेलको खाली टिन १० लि. भन्दा वढी अट्ने ठूलो | प्रति गोटा | २।- (दुई रुपैया) |
| २४ | तेलको खाली टिन १० लि. भन्दा कम अट्ने सानो | प्रतिगोटा | १।- (एक रुपैया) |
| २५ | झिण्डु प्राकृति/कृतिम उनको टुक्रा | प्रति के.जी. | -।५० (पचास पैसा) |
| २६ | गार्मेन्टको कपडा टुक्रा | प्रति के.जी. | १।- (एक रुपैया) |
| २७ | जलेको मोविल | प्रति लिटर | १।- (एक रुपैया) |
| २८ | जुट र प्लाष्टिक पुन प्रयोग हुन नसक्ने वोराहरु | प्रति के.जी | -।१५ (पन्ध्र पैसा) |
| २९ | कार्पेटका टुक्राहरु | प्रति के.जी. | १।५० (एक रुपैया पैसा पचास) |
| ३० | टायर ट्यूव | प्रति के.जी. | १।५० (एक रुपैया पैसा पचास) |
| ३१ | थोत्रो टिन | प्रति के.जी. | -।५० (पैसा पचास) |
| ३२ | पुराना ड्राम | प्रति के.जी. | -।५० (पैसा पचास) |
| ३३ | **पुरानो कागज** | | |
| क) | अखवार (न्यूज प्रिन्ट) | प्रति के.जी. | -।५० (पैसा पचास ) |
| ख) | अन्य कागज (कार्टुन समेत) | प्रति के.जी. | १।- (एक रुपैया) |
| ३४ | धातुका टुक्रा र पत्रु भई काम नलाग्ने भएका धातु सामान | | |
| क) | फलाम | प्रति के.जी | १।५० (एक रुपैया पचास पैसा) |
| ख) | अन्य धातु (पित्तल, तामा, आदि) | प्रति के.जी. | २।- (दुई रुपैया) |

| | | | |
|---|---|---|---|
| ग) | थोत्रिएर काम नलाग्ने मेशीनरी औजार र अन्य भाँडाकुँडाहरु | प्रति के.जी. | १।५० (एक रुपैया पचास पैसा) |
| ३५ | पोलिथिन पाईपका टुक्राहरु | प्रति के.जी. | १।- (एक रुपैयां) |
| ३६ | सिसा (लिड) को धुलो वा टुक्रा | प्रति के.जी. | ३।- (तीन रुपैयां) |
| ३७ | काँचको धुलो वा टुक्रा | प्रति के.जी. | १।- (एक रुपैयां) |
| **३८** | **प्रचलित कानूनले निषेध गरे वाहेकका मरेका वा मारिएका पशु जन्य वस्तुहरुमा देहाय वमोजिम करको दररेट** | | |
| क | हाड | प्रति के.जी. | १।- (एक रुपैया) |
| ख | सिङ | प्रति के.जी. | २।- (दुई रुपैया) |
| ग | खुर | प्रति के.जी. | १।५० (एक रुपैया पचास पैसा) |
| घ | छाला ठूलो | प्रतिगोटा | ३०।- (तीस रुपैया) |
| ङ | छाला सानो | प्रतिगोटा | १५।- (पन्ध्र रुपैया) |
| ३९ | भट्टामा प्रयोग गरिने माटो | प्रति ट्रिप | २५।- (पच्चिस रुपैया) |
| ४० | बाँस | प्रति घना | -।३० (तीस पैसा) |
| ४१ | प्रचलितकानूनले निषेध गरे वाहेकका हाँस, कुखुरा, आदीका प्वाँख | प्रति के.जी. | १।- (एक रुपैया) |

## अनुसूची ५
## (दफा ७ सँग सम्बन्धित)
## सवारी साधन कर

१. सवारी साधन कर प्रदेश कानुन तथा नगरपालिकाको अटोरिक्सा व्यवस्थापन कार्यविधी, २०७६ बमोजिम हुनेछ।

२. कृषि प्रयोजनका लागि प्रयोग हुने सवारी साधनहरुका सबै करमा ५० प्रतिशत छुट दिईनेछ।

## अनुसूची - ६
## दफा ८ सँग सम्बन्धित
## विज्ञापन कर

| **क्र.सं.** | **विज्ञापनको साईज** | **आ.व.०७९/०८० को स्वीकृत दररेट** |
|---|---|---|
| १ | विज्ञापन सामग्री १० व.फि. सम्म प्रति व.फि. | रु ७५ |
| २ | विज्ञापन सामग्री १० व.फि. भन्दा माथी प्रति व.फि. | रु ८० |
| ३ | साना किसिमका प्रचारका बोर्ड ८ व.फि. सम्म | रु.५०० |
| ४ | ब्यानर सार्वजनिक स्थानमा प्रतिमिटर ७ दिन सम्मको लागि | रु.१०।०० |
| ५ | ब्यानर सार्वजनिक स्थानमा प्रतिमिटर ७ दिन भन्दा बढी | रु.८।०० |
| ६ | १ मिटर र १ व.फि सम्मको विज्ञापनको | रु.३ |

| | | |
|---|---|---|
| ७ | स्टल राखि विज्ञापन प्रतिदिन | रु. १०००। |
| ८ | सार्वजनिक स्थलमा पम्प्लेट २ वर्गफिट सम्म प्रति एकाई | २५ पैसा |
| ९. | सार्वजनिक स्थलमा पम्प्लेट २ वर्गफिट माथी प्रति एकाई | ५० पैसा |
| १०. | व्यवसायीक माइकिगं प्रतिदिन | रु. ३०० |
| ११. | एकमुष्ठ बर्ष भरी नै माइकिगं गर्ने भएमा | रु. ५००० |

नोटः सार्वजनिक महत्वका सरकारी सुचना विज्ञापनमा नगरपालिकाले निःशुल्क सहुलियत दिन सक्नेछ ।

**अनुसुची - ७**

**(दफा ९ सँग सम्बन्धित)**

**मनोरन्जन कर**

| विवरण | आ.व.०७९।०८० को स्वीकृत दर |
|---|---|
| १) खेलकूद | आम्दानीको ५ प्रतिशत |
| २) सर्कस | आम्दानीको १० प्रतिशत |
| ३) चटक र सर्कस | आम्दानीको १० प्रतिशत |
| ४) मेलापर्व जात्रामा मनोरञ्जन कार्यक्रम | आम्दानीको ५ प्रतिशत |

मनोरन्जन कर संघिय तथा प्रदेश कानुनले तोके बमोजिम हुनेछ ।

**अनुसूची - ८**

**दफा १० सँग सम्बन्धित**

**बहाल बिटौरी शुल्क**

| कोठाहरु | आ.व.०७९।०८० को स्वीकृत दर |
|---|---|
| १) हाट बजार | प्रति स्टल रु १५।- हरेक पटक |
| वहाल विटौली शुल्क कार्यपालिकाले बनाएको कार्यविधि अनुसार हुने | |

**अनुसूची - ९**

**(दफा ११ सँग सम्बन्धित)**

**पार्किङ्ग शुल्क**

| विवरण | आ.व. ०७९/०८० को स्वीकृत दर |
|---|---|
| **१) मोटर साईकल** | **रु. ५/- प्रति पटक** |
| **२) निजीकार/जीप /भ्यान** | **रु. १०/- प्रति पटक** |
| **३) अटो रिक्सा / टेम्पु / पावर टेलर** | **रु. ५/- प्रति पटक** |
| **४) मिनी वस /मिनी ट्रक र ट्याक्टर** | **रु. १५/- प्रति पटक** |
| **५) ठूला वस / ठूला ट्रक** | **रु. २०/- प्रति पटक** |
| **६) व्याक हो लोडर/ डोजर/ क्रेन** | **रु. ५०/- प्रति पटक** |

# अनुसुची - १०

## दफा १२ सँग सम्बन्धित

## सेवा शुल्क तथा दस्तुर

| क्र. सं. | विवरण | आ.व.०७९।०८० को **स्वीकृत दर (रु.)** |
|---|---|---|
| १ | निवेदन फर्म दस्तुर | २५ |
| २ | नागरिकता सिफारिस | १५० |
| ३ | अंगिकृत नागरिकता सिफारिस | १००० |
| ४ | सामान्य सिफारिस दस्तुर | १५० |
| ५ | नाम, थर संशोधन सिफारिस | २००/- |
| ६ | प्रतिलिपि दस्तुर (A4 वा सो भन्दा सानो साइजमा ) | ५० |
| ७ | प्रतिलिपि दस्तुर (A4 भन्दा ठुलो साइजमा जस्तैः गुरुयोजना नक्सा ) | ३०० |
| ८ | न.पा.बाट दिइने सुचना प्रतिपेज | १० |
| ९ | राहदानी (परिचय पत्रमा) मा सिफारिस | २५० |
| १० | खानेपानी, विद्युत, टेलिफोन जडान र नामसारी (आवासीय) | २०० |
| ११ | खानेपानी, विद्युत, टेलिफोन जडान र नामसारी (व्यवसायिक) | १००० |
| १२ | चार किल्ला प्रमाणित सिफारिस : प्रति १ कित्ताको लागि | ३०० |
| १३ | चार किल्ला प्रमाणित सिफारिस : थप प्रति कित्ताको लागि | ५० |

| क्र. सं. | विवरण | आ.व.०७९।०८० को **स्वीकृत दर (रु.)** |
|---|---|---|
| १४ | टेस्ट नक्सा निर्माण तथा प्रमाणित : पहिलो १ कित्ता माग भएमा | ३०० |
| १५ | टेस्ट नक्सा निर्माण तथा प्रमाणित १ कित्ता भन्दा वढि माग भएमा<br>थप प्रति कित्ता | ५० |
| १६ | बाटो प्रमाणित | ५०० |
| १७ | कम्प्युटर अंग्रेजी टाइप सिफारिस | ३०० |
| १८ | पेन्सनपट्टा सिफारिस (स्वदेशी संस्थामा) | २०० |
| १९ | पेन्सनपट्टा सिफारिस (विदेशी संस्थामा) | ५०० |
| २० | नाता प्रमाणित | २०० |
| २१ | नाता प्रमाणित सर्जमिन मुचुल्का दस्तुर | १०० |
| २२ | औद्योगिक प्रयोजनको लागि (५ लाख माथिको पुँजिमा) सर्जमिन दस्तुर (घरेलु कार्यालयलाई सिफारिस गर्दा) | १००० |
| २३ | औद्योगिक प्रयोजनको लागि (५ लाख भन्दा कम पुजिमा) सर्जमिन दस्तुर  सिफारिस गर्दा) | ५०० |
| २४ | व्यवसायिक प्रयोजनको लागि (ठुला) सर्जमिन दस्तुर | १५०० |
| २५ | व्यवसायिक प्रयोजनको लागि (सानो) सर्जमिन दस्तुर | ३०० |
| २६ | अन्य सर्जमिन दस्तुर | २०० |
| २७ | अस्थायी ठेगाना प्रमाणित | ३०० |
| २७ | छुट जग्गा दर्ता सिफारिस प्रती कठ्ठा | १५० |

| क्र. सं. | विवरण | आ.व.०७९।०८० को **स्वीकृत दर (रु.)** |
|---|---|---|
| २९ | अव्यवस्थित र सुकुम्वासी जग्गा दर्ता सिफारिस | ३०० |
| ३० | जग्गा राजीनामा/बकसपत्र सिफारिस दस्तुर | ५०० |
| ३१ | जग्गा मरुवा नामसारी सिफारिस | ५०० |
| ३२ | जग्गा सीमा विवादमा अमिन खटाई सिमांकन गर्नु पर्दा निवेदकले प्रति उजुरी तिर्नु पर्ने सेवा शुल्क (प्रति कित्ता) | २००० |
| ३३ | **संस्था दर्ता तथा नवीकरणमा** | |
| ३४ | नयाँ सामुदायिक संस्था समूह दर्ता | ८०० |
| ३५ | सामुदायिक संस्था समूह नविकरण दर्ता | ३०० |
| ३६ | नयाँ संस्था दर्ता सिफारिसमा (नगर) | ५०० |
| ३७ | नयाँ संस्था दर्ता सिफारिसमा (वडा) | २०० |
| ३८ | नवीकरण सिफारिस | २५० |
| ३९ | आय स्रोत प्रमाणित सिफारिस मूल्यांकन अंकको | ०.०५ प्रतिशत |
| ४० | व्यक्तिगत घटना दर्ता जन्म मृत्यु बसाई सराई ३५ दिनसम्म निःशुल्क (त्यसपछि विलम्ब शुल्क वापत) | २०० |
| ४१ | व्यक्तिगत घटना दर्ता प्रमाणित | २०० |
| ४२ | उधोग दर्ता दस्तुर | सम्बन्धित कानुन अनुसार |
| ४३ | साना उधोग स्थापना सिफारिस | ८०० |
| ४४ | मझौला उधोग स्थापना सिफारिस | १००० |

| क्र. सं. | विवरण | आ.व.०७९।०८० को **स्वीकृत दर (रु.)** |
|---|---|---|
| ४५ | उद्योग नामसारी तथा ठाउंसारी वडा सिफारिस | ८०० |
| ४६ | पशु र वस्तु ( रांगा, भैसी, गोरु ) को निकासीको सिफारिस प्रति गोटा | २५ |
| ४७ | खसी, बोका,बंगुर निकासीको सिफारिस प्रति गोटा | १० |
| ४८ | पंक्षी को निकासीको सिफारिस प्रति गोटा (चल्ला) | १ रुपैयां |
| ४९ | पंक्षीको निकासीको सिफारिस प्रति गोटा (वयस्क) | २ रुपैया |
| ५० | पंक्षी को निकासीको सिफारिस प्रति गोटा (अष्ट्रिच) | १० दश रुपैयां |
| ५१ | घर नक्सापास नामसारि दस्तुर | ५००/- |
| ५२ | जग्गाधनी पूर्जा प्रतिलिपि सिफारिस | ३००/- |
| ५३ | ***सडक पिच तथा ग्राभेल कटिङ शुल्क*** | |
| ५४ | मुख्य बाटो पीच कटिङ शुल्क | ८०००/- |
| ५५ | सहायक बाटो पीच कटिङ शुल्क | ५०००/- |
| ५६ | ग्राभेल बाटो कटिङ शुल्क | ५००/- |
| ५७ | कच्ची बाटो कटिङ शुल्क | ३००/- |
| ५८ | लेकवेशी नगरपालिकाको क्षेत्रभित्रको सडक किनारा, फुटपाथ, सार्वजनिक जग्गा, आदिमा नेपाल विद्युत प्राधिकरण, नेपाल टेलिकम, र केवुल लाइन आदिले पोल, क्याविनेट, तारवार, | कार्यपालिकाले तोक अनुसार |

| क्र. सं. | विवरण | आ.व.०७९।०८० को **स्वीकृत दर (रु.)** |
|---|---|---|
| | टान्सफरमर, आदि राखी तार लाइन विस्तारमा वार्षिक शुल्क लिने | |

## शिक्षा सामुदायिक, निजी तथा संस्थागत तर्फको सेवा शुल्क

| क्र. सं. | विवरण | सामुदायिकको लागि सिफारिस दस्तुर | निजीको लागि अनुमति दस्तुर |
|---|---|---|---|
| १ | नयां कक्षा अनुमति (स्थापना) | १००० | १५००० |
| **२** | **कक्षा थप अनुमति** | | |
| क | कक्षा २ देखि ५ सम्म | १००० | ५००० |
| ख | कक्षा ६ देखि ८ सम्म | १००० | १०००० |
| ग | कक्षा ९ देखि १० | १५०० | १५००० |
| घ | कक्षा ११ देखि १२ | २००० | २०००० |
| ङ | मन्टेश्वरी तथा चाइल्डकेयर सेन्टर अनुमति | १००० | १५००० |
| च | पूर्व प्राथमिक वा प्रिस्कूल अनुमति | १००० | १५००० |
| छ | ट्यूसन सेन्टर अनुमति | ५०० | ५००० |
| ज | कोचिङ सेन्टर अनुमति | ५०० | ५००० |
| झ | ट्रेनिङ इन्स्टिच्यूट अनुमति | ५०० | ५००० |
| ञ | परामर्श कक्षा अनुमति | ५०० | ५००० |
| ट | शैक्षिक इन्स्टिच्यूट अनुमति | १५०० | १५००० |
| ठ | विभिन्न सिफारिस साधारण | १५० | १५० |
| **३** | **शिक्षक नियुक्ति र सरुवा** | | |
| क | प्रा.वि. | ५०० | |
| ख | नि.मा. | ५०० | |
| ग | मा.वि. | ५०० | |
| घ | उ.मा.वि. | ५०० | |
| ङ | कर्मचारी | ५०० | |
| १२ | कक्षा ८ को प्रमाणपत्र प्रतिलिपि | २०० | २०० |
| **१३** | **संस्थागत विद्यालय ठाउँसारी** | | |
| क | आधारभूत तह सम्म | | ५००० |
| ख | माध्यमिक तह र सो भन्दा माथि | | १०००० |

**सहकारी तर्फः**

**सहकारी दर्ता तथा कार्य क्षेत्र विस्तारमा देहायका शुल्क लाग्नेछ।**

१) सरकारी संस्था दर्ताको लागि निर्दिष्ट एक कार्य क्षेत्र बराबर रु. १०००/-

२) सरकारी संघ दर्ताका लागि रु. १५००/- दर्ता शुल्क लाग्नेछ।

३) कार्य क्षेत्र विस्तार गर्दा प्रति थप कार्य क्षेत्र को रु. ५००/- थप शुल्क लाग्नेछ।

४) सहकारी संघ संस्थाहरुले तोकिएको समय भित्र वार्षिक विवरण पेश नगरेमा देहायका जरिवाना लाग्नेछ।

दर्ता भएका सबै सहकारी संघ संस्थाहरु आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्र दर्तावाल लेखा परीक्षकवाट लेखा परिक्षण गराइ तोकिए बमोजिमका विवरण खुलाई दर्ता गर्ने अधिकारीले समक्ष वार्षिक प्रगति प्रतिवेदन पेश गर्नु पर्नेछ। अन्यथा देहाय बमोजिम जरीवाना लाग्ने छ।

क) रु. १ करोड सम्म कारोबार भएका सहकारी संस्थाले तोकिएको समय भित्र वार्षिक विवरण पेश नगरेमा प्रति वर्ष रु ५००/-

ख) रु. ५ करोड सम्म कारोबार भएका सहकारी संस्थाले तोकिएको समय भित्र वार्षिक विवरण पेश नगरेमा प्रति वर्ष रु १०००/-

ग) रु. १० करोड सम्म कारोबार भएका सहकारी संस्थाले तोकिएको समय भित्र वार्षिक विवरण पेश नगरेमा प्रति वर्ष रु १५००/-

घ) रु. १ ० करोड देखि माथि कारोबार भएका सहकारी संस्थाले तोकिएको समय भित्र वार्षिक विवरण पेश नगरेमा प्रति वर्ष रु २५००/-

## अनुसूची - ११
### (दफा १४ सँग सम्बन्धित)
### <u>नक्सापास दस्तुर</u>

| क्र सं. | घरको बनावट | धुलियाविट भेडावारी मुख्य सडकको दायाँ बायाँ बन्ने घरको दर प्रति वर्ग फिट (रु.) | अन्य सहायक सडकको दायाँ बायाँ बन्ने घर को दर प्रति वर्ग फिट (रु.) | अन्य साना सडक वा ठाउमा बन्ने घर को दर प्रति वर्ग फिट (रु.) | कै |
|---|---|---|---|---|---|
| १. | **आर.सी.सी ढलान बनावट** | आ.व. २०७९/०८० को स्वीकृत दर | आ.व. ०७९/०८० को स्वीकृत दर | आ.व. ०७९/०८० को स्वीकृत दर | |
| क | भुई तला | ४।०० | ३।०० | २।०० | |
| ख | प्रथम तला | ६।०० | ४।०० | ३।०० | |
| ग | दोस्रो तला र सो भन्दा माथि | ८।०० | ५।०० | ४।०० | |
| २. | *लोड वियरिङ् बनावटको ढलान तथा कडी पाटन* | | | | |

| क्र सं. | घरको बनावट | धुलियाविट भेडावारी मुख्य सडकको दायाँ बायाँ बन्ने घरको दर प्रति वर्ग फिट (रु.) | अन्य सहायक सडकको दायाँ बायाँ बन्ने घर को दर प्रति वर्ग फिट (रु.) | अन्य साना सडक वा ठाउमा बन्ने घर को दर प्रति वर्ग फिट (रु.) | कै |
|---|---|---|---|---|---|
| क | भुई तला | ३।०० | १।०० | ०।७५ | |
| ख | प्रथम तला | ३।०० | ३।०० | २।०० | |
| ग | दोस्रो तला र सो भन्दा माथि | ५।०० | ४।०० | ३।०० | |
| ३. | *ईटालाई सि.म., माटो मसला जोडाई गरि बनेको जस्ता छाना भएको* | | | | |
| क | भुई तला | १।०० | १।०० | ०।५० | |
| ख | प्रथम तला | २।०० | २।०० | १।०० | |
| ग | दोस्रो तला र सो भन्दा माथि | ४।०० | ३।०० | २।०० | |
| **५.** | **घर, नक्सा पास निवेदन फाराम** | **५००/-** | **५००/-** | **५००/-** | |
| **६.** | **नक्सा पास गर्दा रेखाङ्कन शुल्क (Lay Out ):** | | | | |

| क्र सं. | घरको बनावट | धुलियाविट भेडावारी मुख्य सडकको दायाँ बायाँ बन्ने घरको दर प्रति वर्ग फिट (रु.) | अन्य सहायक सडकको दायाँ बायाँ बन्ने घर को दर प्रति वर्ग फिट (रु.) | अन्य साना सडक वा ठाउमा बन्ने घर को दर प्रति वर्ग फिट (रु.) | कै |
|---|---|---|---|---|---|
| | | | | | |
| क | ६५ वर्ग मिटरसम्म | ५००/- | ४००/- | ३००/- | |
| ख | ६६ वर्ग मिटर भन्दा माथि | १०००/- | ८००/- | ६००/- | |
| ७ | **घर कायम सिफारिस दस्तुरः-** | | | | |
| क | पक्कीघर १००० वर्ग मिटर सम्म | ५००।०० | ३००।०० | २००।०० | |
| ख | पक्कीघर १००० वर्ग मिटर माथि | ६००।०० | ४००।०० | ३००।०० | |
| ग | कच्चीघर | ३००।०० | २५०।०० | २००।०० | |

प्रमाणिकरण मितिः २०७९/०४/०१

**अनुसूची १२**
**दफा १५ सँग सम्बन्धित**
**पर्यटन शुल्क**

| सि.नं. | विवरण | करका दर |
|---|---|---|
| १ | धार्मिक स्थल | शुल्क नलाग्ने |
| २ | गुफा | टिकटको १० प्रतिशत |
| ३ | पद यात्रा | प्रतिदिनको रु. १०।०० |
| ४ | संरक्षित क्षेत्र दर्शन | प्रतिदिनको रु. २०।०० |
| ५ | अन्य | प्रतिदिनको रु. ५०।०० |

**अनुसूची १३**
**दफा १८ को उपदफा ४ सँग सम्बन्धित**

| सि.नं. | विवरण | करका दर |
|---|---|---|
| २ | दुङ्गा,गिट्टी बालुवा उत्खनन् तथा विक्रिको अमुमति प्राप्त गर्ने व्यवसायी वा संस्थाले सम्झौतामा उल्लेख गरिएको परिमाण भन्दा बढि उत्खनन् वा बिक्रि वितरण गरेमा (समान जफत सहित) | |
| क | स्काभेटर/भ्याहोलोडर | २५०००।०० |
| ख | ठूलो टिप्पर र ट्रक | १५०००।०० |
| ग | मिनि टिप्पर र ट्रक | १२०००।०० |
| घ | ट्राक्टर | ७०००।०० |

आज्ञाले
कृष्णप्रसाद खरेल
प्रमुख प्रशासकीय अधिकृत